# गणेशमान चारनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

## आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१८**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क, र नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०७७/०४/०५ मा स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" बमोजिम यस नगरपालिकाले तोकेको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी गणेशमान चारनाथ नगरपालिकाले तोकेको दर (प्रति घनफिट रु.५।५० मू.अ.करबाहेक) मा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वक विद्युतीय **(E-Bidding)** माध्यमबाट बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| सिं. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | दर रेट (प्रति घनफिट) मू.अ.कर बाहेक रु. | न्यूनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | GCM/Goods/ NCB/01/2081-82 | कमला खोलाबाट नदीजन्य पदार्थको बिक्री | ८७९३३६।०३ | ५।५० | ४८३६३४८।१६५ | ३,०००।०० |

**शर्तहरु :**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब.२०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत माछापुच्छ्रे बैंक, बिरेन्द्रबजार शाखामा यस कार्यालयको खाता नं. ०७१००८६३२७९०००७१ (ग-१-१) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र विद्युतीय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट **www.bolpatra.gov.np** बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।
- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंक, बिरेन्द्रबजार शाखामा रहेको धरौटी खाता नं. ०७१००८६३२७९०००९१ (ग-३) मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमद्वारा अपलोड गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन दिउँसो २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको २:०० बजे गणेशमान चारनाथ नगरपालिका कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८२ साल भाद्र मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको रकमको नियमानुसार १३% मू.अ.करको ३० प्रतिशत रकम र अग्रिम आयकरवापतको १.५ प्रतिशत रकम अग्रिम रुपमा कार्यालयमा जम्मा गर्नुपर्नेछ। मू.अ.कर बापतको बाँकी रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा राजश्व शीर्षक नं. ३३३१७ मा जम्मा गरेको सक्कल भौचर अग्रिम रुपमा यस कार्यालयमा कुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।
- बोलपत्रदाताले आफूले कबोल गरेको सम्पूर्ण रकम सम्झौतापूर्व एकमुष्ट अग्रिम जम्मा गर्न चाहेमा मू.अ.कर बाहेकको रकममा ५ (पाँच) प्रतिशतले हुन आउने रकम छुट दिइनेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।
- यस कार्यालयसँग गत विगतमा भएको कारोबारमा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी बक्यौता भएको भए सम्झौता गर्नुपूर्व फर्छ्यौट गर्नुपर्नेछ अन्यथा ठेक्का सम्झौता गर्न कार्यालय बाध्य हुने छैन।
- ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन।
- नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।
- यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
- ठेक्का अवधि ठेक्का सम्झौता भएदेखि २०८२ जेष्ठ मसान्तसम्मको हुनेछ।
- यस ठेक्काको क्षेत्राधिकार गणेशमान चारनाथ नगरपालिका तथा कर्जन्हा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कमला खोलामा रहनेछ।
- यस ठेक्काको अवधिभित्र राष्ट्र गौरवको आयोजनाहरुको लागि नदीजन्य पदार्थहरु माग भइ आएमा स्वीकृत मापदण्डभित्र रही कार्यालयले छुटै स्थान तोकी नदीजन्य पदार्थहरु उपलब्ध गराउन सक्नेछ, सो कार्यमा बोलपत्र स्वीकार गर्ने ठेकेदारले हक दावी तथा बाधा बिरोध गर्न पाउने छैन।
- कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.ganeshmancharnathmun.gov.np मा समेत हेर्न सकिनेछ।**

**प्रमुख प्रशासकीय अधिकृत**